# लेखनाथको विकासमा पोखरा विश्वविद्यालयको भूमिका

लेखनाथको विकास सम्बन्धी सम्भावनाहरू सम्बन्धी गोष्टीका अवसरमा प्रस्तुत कार्यपत्र

लेखनाथ, २० मङ्सिर २०७०

प्रा. डा. इन्द्र प्रसाद तिवारी
डीन, मानविकी तथा सामाजिकशास्त्र संकाय, पोखरा विश्वविद्यालय

## प्रष्ठभूमि

हालैका दिनमा नेपालमा विकासलाई पूर्णरुपले प्रभाव पार्ने विशेष क्षेत्राधिकार सहितको केन्द्रीय, प्रदेश र स्थानीय सरकार सहितको संविधान लगायत आधारभूत परिवर्तनहरू भएका छन् । यी परिवर्तनहरूले स्थानीय इकाईहरूको विकासमा समेत प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ । यसै सिलसिलामा देशकै एक प्रमूख शैक्षिक संस्था तथा प्रदेश नं. ४ को एकमात्र विश्वविद्यालय पोखरा विश्वविद्यालयले लेखनाथ नगरको विकासमा खेल्ने भूमिका सन्दर्भिक भएको महशुस गरी याहाँको नगरपालिका, राजनैतिक पार्टी, उद्योगी, व्यावसायी, नागरिक समाज तथा सरोकारवाला संघ संस्था र पोखरा विश्वविद्यालय विच यो अन्तरकृयाको आयोजना भएको हो ।

साविक ४ गाविसहरू, शिसुवा, अर्धौं, राखि तथा वेगनास मिलेर २०५३ मा गठन हुन आएको लेखनाथ नगरपालिका पछिल्लो नगरपालिका गठन र पुनर्गठनको समयमा भरतपोखरी गाविस थप भएको अवस्था छ जस्ले यस्को कुल क्षेत्रफल साविक ७८.८ वर्ग की.मी. बाट ४४.३१ वर्ग की.मी. बृद्धिभई १२३.११ वर्ग की.मी. हुन पुगेको छ भने साविक जनसंख्यामा २१.५ प्रतिशत थप हुन पुगेको छ । यी परिवर्तनहरूका अलावा गत बजेट योजनाले पोखरा उपमहानगरपालिका र लेखनाथ नगरपालिका एकिकरणगरी महानगरपालिका स्थापना गर्ने योजना प्रस्तुत गरेको र हालसालै सम्पन्न स्थानीय पुनर्संरचना सिफारिस समितिबाट पनि सोहि अनुशारको पहिलो विकल्प प्रस्तुत गरेको अवस्था छ ।
सन् २०११ को नेपालको जनगणना अनुशार लेखनाथ नगरपालिकाको घर-परिवार संख्या १७,३४१ र जनसंख्या ७१,४३४ छ र याहाँको औषत परिवार संख्या ४.१२ हुन आउछ भने लैङ्गिक अनुपात प्रति १०० महिलामा ८७.३ पुरुष भएको पाईन्छ । जन घनत्वको हिसावले प्रति वर्गकिलोमीटर ५८०.२ रहेको यो नगरपालिका न्यून जनघनत्व भएको नगरपालिका मध्ये एक हो । जनसंख्याको हिसावले गत एक दशकमा यो नगरपालिकाको जनसंख्या करिव ३० प्रतिशतले बृद्धि भएको पाईन्छ जस्को मूख्य कारण बसाइ-सराइ नै हो ।

मानव शुचकाङ्कमा यो नगरपालिका माथिल्लो तहमा रहेको छ जुन कुरा यस्को उच्च शाक्षरता, न्यून गरिबीको अवस्था र राम्रो स्वास्थ्य आंकडाहरूले प्रदर्शन गरेकोबाट स्पष्ट हुन्छ । यो नगरपालिका देशकै गरिब र धनी विचको दूरी न्यूनतम भएको मध्येको हो भने राज्यले निर्दिष्ट गरेका कर भूक्तानीमा यो नगरपालिका अग्रपंतिमा छ ।

पूर्वमा हंसपुर, रूपाकोट र देउराली गाविसहरू, पश्चिममा विजयपुरखोलाले छुट्ट्याएको पोखरा उपमहानगरपालिका, उत्तरमा कालिका र माझठाना गाविसहरू र दक्षिणमा स्याङ्जाको टक्सार खलङ्गा गाविस तथा तनहुँका फिरफिर गाविस र शुक्लागण्डकी नगरपालिका सिमाना रहेको साथै पोखरा उपत्यकाका ९ तालहरू मध्ये बेगनास, रूपा, मैदी, दिपाङ्ग, खाष्टे, न्यूरेनी र गुँदे सहित ७ तालहरू अवस्थित यस नगरपालिकालाई सात तालको बगैंचा शहर (Garden City of Seven Lanes) का नामले समेत जानिन्छ । साथै पोखरा विश्वविद्यालय, गण्डकी मेडिकल कलेज, जनप्रकाश क्याम्पस, लक्ष्मी आदर्श बहुमुखी क्याम्पस, सरस्वती टिका बहुमुखी क्याम्पस, सहित १५ उच्च मा. वि. रहेको यस नगरपालिकाको गहना तथा याहाँको विकासको प्रतिमा (Development icon) भने पोखरा विश्वविद्यालय नै हो ।

**पोखरा विश्वविद्यालय**

उच्च शिक्षामा निजी क्षेत्रको सहभागितामा अधिकाधिक बृद्धि गरी शिक्षामा गुणात्मक एवं स्तरयुक्त उच्च शिक्षाको अवसर सबै क्षेत्रमा सर्वसाधारणलाई सर्वसुलभ रूपमा उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्तिलाई सुनिश्चित तुल्याउन पोखरा विश्वविद्यालय ऐन, २०५३ अनुशार २०५४ साल साउन १ गते पोखरा विश्वविद्यालयको स्थापना भएको हो । प्रारम्भिक दिनहरूमा यस्को शैक्षिक एवं प्रशासनिक कार्यहरू भाडाको धरमा पोखरामा सञ्चालन भएर २०६५ मा हालको लेखनाथ नगरपालिका वडा नं. १२ को खुदी-ढुङ्गेपाटनमा सरेको हो ।

हाल लेखनाथ-१२ को खुदी-ढुङ्गेपाटन स्थित ११४ रोपनी जग्गाको ए ब्लक मा प्रशासन र परीक्षाका भवनहरू, सी ब्लकमा शैक्षिक भवनहरू र डी ब्लकमा छात्राबास गरी ११ भवनहरू छन् । नयाँ आगमन सहित १४४ शिक्षकहरू र १४७ कर्मचारीहरू कार्यरत र १८८१ जना विद्यार्थीहरू अध्ययनरत तथा वार्षिक करिव ६० करोड रूपैयाँको बजेट भएको यो विश्वविद्यालय लेखनाथको सबैभन्दा धेरै व्यक्तिहरू जम्माहुने संस्था हो र सायद सेना पश्चात दोश्रो ठूलो रोजगारदाता एवं बजेट विनियोजन गर्ने संस्था समेत हो ।

हाल पोखरा विश्वविद्यालय अन्तर्गत चार स्कुलहरू: स्कुल अफ इन्जिनियरिङ्, स्कुल अफ हेल्थ एण्ड एलाइड साइन्सेज, स्कुल अफ विजनेस तथा स्कुल अफ डिभलप्मेन्ट एण्ड सोसल इन्जिनियरिङ् र ५८ वटा सम्बन्धन प्राप्त कलेजहरू सञ्चालनमा छन् भने विश्वविद्यालयले सञ्चालन गरेका ४९ वटा शैक्षिक कार्यक्रमहरू मध्ये १७ वटा कार्यक्रम पोखरा विश्वविद्यालयको परिसरमा सञ्चालित छन् । याहाँ अध्ययनरत १८८१ जना मध्ये २० प्रतिशत विद्यार्थीले छात्रबृत्ति प्राप्तगरेका छन् जुन देशकै सबभन्दा ठूलो छात्रबृत्ति कार्यक्रम हो । त्यस मध्ये लेखनाथ बासीले हरेक वर्ष हरेक कार्यक्रममा एक-एक छात्रबृत्ति प्राप्त गर्दछन् जस्को वार्षिक रकम ५० लाख भन्दा बढ्ता हुन आउछ ।

पोखरा विश्वविद्यालयको आफ्नै भोगाधिकार भित्रको १३७३ रोपनी जग्गा विभिन्न ४ ठाँउमा छरिएर रहेको छ जसमध्ये लेखनाथ-१२ को खुदी-ढुङ्गेपाटन स्थित ११४ रोपनी मात्र प्रयोगमा छ । अन्य

स्थानमा लेखनाथ-१२ को मुसेटुँडा र १४ को स्यालटारमा केहि योजना बनेका छन् तर स्यालटारको धेरैजसो जमिन सुकुम्बासीले अतिक्रमण गरेका छन ।

## नेपालमा उच्चशिक्षा उन्नतिका चुनौतिहरू र पोखरा विश्वविद्यालयको अवस्था

विश्वविद्यालयले कुनै स्थान विशेषको विकासमा खेल्ने भूमिकाको कुरागर्दा समुच्च उच्च शिक्षाको अवस्था हेर्नु सान्दर्भिक हुन आउछ । नेपालमा दक्षिण एशियाकै सबैभन्दा कम प्रतिशत युवा उच्च शिक्षाकालागि भर्ना हुने गरेको पाईएको छ भने विदेशमा अध्ययनार्थ जाने नेपालीहरूको संख्या तुलनात्मक रूपमा ज्यादै ठूलो छ । उदाहरणको रूपमा नेपाल जस्तो अल्प विकसित देशबाट अमेरिका अध्ययनार्थ जाने नेपालीहरूको स्थान हालैका वर्षहरूमा ११रौं-१२रौं स्थानम रहेको पाइन्छ । देश समुच्च रूपमा अल्पविकासित अवस्थामा रहेकले शिक्षाको क्षेत्रमा पनि सिमित विकास भएको छ । उच्च शिक्षाका तीन प्रमुख घटकहरू (Components) - अध्ययन-अध्यपन, अनुसन्धान र प्रकाशन - सबै क्षेत्रको विकासमा नेपाल ज्यादै पछाडी छ । समग्रमा नेपालमा शिक्षाको विकासका निम्न चुनौतिहरू विध्यमान छन् ।

१. नेपालमा विज्ञान, इन्जिनियरिङ र प्रविधि, व्यवस्थापन, अर्थशास्त्र, बैंकिङ र वित्त, कानुन, समाजिकशास्त्र, राजनीति र शासन, प्रशासन, सार्वजनिक नीति, खेलकुद, मनोरन्जन, पर्यटन, लगायतका सम्पूर्ण विधाहरूका विविध पक्षहरूको विकास हुन सकेको छैन । खासगरी उदीयमान (Emerging) विषयहरूको विकास अन्य विकासशिल देशको तुलनामा समेत दशकौं पछाडी छ । उदाहरणको रूपमा इन्जिनियरिङको आधार मानिने मेकानिकल इन्जिनियरिङ तथा इन्डस्ट्रियल इन्जिनियरिङ को विकास नेपालमा सर्वाधिक कम छ, किनकि उद्योग कलकारखानाको विकास भएको छैन र निकट भविष्यमा हुने सम्भावना पनि कम छ । Mechatronics जस्तो विषय इन्जिनियरिङका प्रोफेसनलले समेत नसुनेका हुन सक्छन् । स्वास्थ्य विज्ञान सम्बन्धी स्नातकोत्तर विषयहरू अझ ओझेलमा छन् । विभिन्न देशमा Supply Chain and/or Logistics Management को ठूलो क्रेज छ, नेपालमा त्यस्को उत्पत्तिनै छैन । नेपाली पर्यटनको पर्यायवाचीको रूपमा रहेको पोखरामा एउटा ससक्त पर्यटन सम्बन्धि उच्च शिक्षाको संस्था विकास हुन सकेको छैन । Negotiation तथा Financial Analysis जस्ता विषयहरू १-२ पाठ्यक्रमामा सिमित छन् । Industrial Enterprises, Innovation and Entrepreneurship Development, Social Capital जस्ता विषयहरू विश्वविद्यालयका पाठ्यक्रमहरूमा समावेस गर्न शिक्षाविद्हरू अन्कनाइ रहेका छन् । विकसित देशहरूमा सामाजिकशास्त्र तिब्रगतिमा विकसितहुदै गएको विधा भएको छ भने नेपालमा त्यस तर्फ विद्यार्थीहरूको ध्यान जान सकेको छैन । हाल संसारमा सबभन्दा ठूलो बृद्धिदर भएको उद्योग खेलकुद हो । यस सम्बन्धमा नेपालमा एकातिर खेलकुद सम्बन्धी विशिष्टिकृत पढाईनै हुदैन भने अर्कोतिर टोल छिमेक हुदै केन्द्र सम्म पूर्ण तहगत रूपमा विकास भएको एउटै

पनि खेलकुद छैन र लेखनाथ जस्तो नगरपालिकामा एउटा सम्म स्टेडियम छैन । प्रस्तावित रङ्गशाला कुनै पनि हैसियतमा स्तरिय हुनसक्ने अवस्था छैन ।

२. नेपालको शिक्षामा अनुसन्धानको ज्यादै कम महत्व छ । विश्वविद्यालयहरूमा अनुसन्धान नीति कमजोर छन् भन्दा अतिसयोक्ति नहोला । ३, ५, १०, १५, २० वर्षे मध्यम र दिर्घकालिन अनुसन्धान कार्यहरू संचालनमै छैनन् । पर्यटन र जलशक्ति जस्ता महत्वपूर्ण र तुलनात्मक लाभ भएका क्षेत्रमा समेत गहन र दिगो अनुसन्धान गर्ने संस्थाहरू स्पष्ट देखिदैनन् । अनुसन्धान कार्यमा निजि क्षेत्रको संलग्नता सुन्य बराबरनै छ । देशमा हुने केहि तथाकथित अनुसन्धान खास अनुसन्धान नभई अन्तराष्ट्रिय संस्था, अन्तराष्ट्रिय गैह्रसरकारी संगठन र सरकारले विशेष कामका लागि गराउने अध्ययन हुन् जस्ले Innovation तथा Knowledge Creation मा ठूलो महत्व राख्दैनन् । वास्तवमा ठूला परियोजनाको कुरै छोडौं गत २० वर्षदेखि नया पीएच्डी सोधगर्नेहरूको संख्या खासै बढेको छैन । हाल नेपालमा विदेशि प्राध्यापक वा अनुसन्धानकर्ताको उपस्थिति सुन्य प्राय छ । भएका अनुसन्धानमा Frontier र Emerging विषयका अनुसन्धानहरू सुन्य प्रायनै छन् ।

३. ठूला अनुसन्धान योजनाहरूमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास हुने अवस्था अनुसन्धान कृतिको प्रकाशनले हो । नेपालमा भएका सिमित अनुसन्धानहरूको प्रज्ञिक जर्नलमा प्रकाशन गर्ने चलन कम छ र अझ अन्तराष्ट्रिय प्रज्ञिक जर्नलमा प्रकाशन ज्यादै कम छन् । त्यतिमात्र नभई सन् १९८० पछि अन्तराष्ट्रिय प्रज्ञिक जर्नलमा नेपाल विषयमा प्रकाशन हुने Articles घट्दै गएको अवस्था छ । देशमा हुने केहि अनुसन्धानात्मक लेख प्रकाशन गर्ने जर्नलहरू नियमित छैनन् र तिनिहरूको स्तर पनि खासै माथि छैन ।

४. नेपालमा भएका विभिन्न शैक्षिक संस्थाहरू विच अनुसन्धानका विषयमा हुन सक्ने सहकार्यहरू पनि भएका छैनन् जस्ले गर्दा अनुसन्धानमा हुनसक्ने तालमेलीय प्रभाव (synergy effect) कहिँ कतै छैन ।

५. अभ्यास अध्ययन (Internship) उच्च शिक्षाको एउटा प्रमुख अंग हो । यस्को कार्यान्वयन नेपालमा न्यून छ र औपचारिकतामा सिमित छ । संस्थाहरूले दिने सिमित पहुँच, विद्यार्थीहरूले दिने सिमित ध्यान तथा गहनता र शिक्षकहरूले गर्ने खुकोलो मूल्याङ्कनले समग्रमा इन्टर्नशिप लाई कम उत्पादनमूलक बनाएको छ । शैक्षिक कार्य र समुदायको अन्तर सम्बन्ध ज्ञान निर्माण र उत्पादन कार्यमा समाहित गर्न सकिएको छैन । लेखनाथमा ठूला उद्योग तथा व्यवसाय नभएकाले ठूलो संख्याको अभ्यास अध्ययन (Internship) को अवसरनै छैनन् ।

६. उच्च शिक्षाको विकासमा निजि क्षेत्रको सहकार्यले एउटा आसलाग्दो अवसर शृजना गरेकै हो, तर त्यो अवशर पनि संख्यात्मक बृद्धिमा सिमित हुने आभाष भैसकेको छ । उच्च शिक्षामा संलग्न प्रमूख सरोकारवालाहरू (stakeholders), पदाधिकारी, प्राध्यापक-शिक्षक, कर्मचारी तथा

विद्यार्थीहरू प्राज्ञिक भन्दा राजनैतिक तथा निजि स्वार्थलाई प्राथमिकता दिएर काम गरेको स्पष्ट देखिन्छ जस्ले समुच्च शिक्षाको गुणस्तरलाई खस्कन मद्दत पुऱ्याएको छ । राजनीतिज्ञ र स्थानीय समुदायले गैह्र शैक्षिक विषयलाई जोडेर यदाकदा प्रतिकुल शैक्षिक वातावरण सृजना गरेका उदाहरण यथेष्ट छन् । उच्च शिक्षामा नया खुलापनले ल्याएका र अब ल्याउने अवसरहरूले समग्रमा देशले चाहेको जिम्मेवारीपूर्ण उच्च शिक्षाको विकासमा योगदान पुऱ्याउने सम्भावना पनि कम देखिएको छ । सरकार र सरकारको शिक्षा नीतिमा प्रभाव पार्न सक्ने व्यक्ति तथा संस्थाहरू आफैंमा अन्योलग्रस्त छन् ।

पोखरा विश्वविद्यालयका विशेष चुनौतिहरूका सम्बन्धमा हेर्दा पोखरा उपमहानगरपालिकामा उच्च शिक्षाका विभिन्न कार्यक्रमहरू संचालन भएपनि पोखरा विश्वविद्यालयका हालका अधिकांश कार्यक्रमहरू भिन्न किसिम र प्रकृतिका भएका र नया कार्यक्रमहरू पनि भिन्न किसिमकै हुने भएकाले पोखरा विश्वविद्यालय र पोखरा स्थित अन्य शैक्षिक संस्थाहरूको विच तिव्र प्रतिस्पर्धा हुने अवस्था भने कम छ । पोखरा विश्वविद्यालयले क्रमश: मास्टर्स, एम्फिल र पिएचडी कार्यक्रमहरू लाई जोड दिदै जाने छ र नयाँ कार्यक्रमहरू पर्यटन, उर्जा विकास, उद्योग, सामाजिकशास्त्र, विकासशास्त्र, पर्वतीय अध्ययन, जैविक विविधता, जडीबुटी, खेलकुद जस्ता विषयहरूमा अध्ययन अनुसन्धानमा विशेष जोड दिने हुनाले पोखरा स्थित शैक्षिक कार्यक्रम संग तिव्र प्रतिस्पर्धा हुने स्थिति नभई सहकार्य हुनसक्ने स्थिति विद्यमान छ ।

लेखनाथ भित्रै विश्वविद्यालय बाहेक उच्च शिक्षा संचालनगर्ने गण्डकी मेडिकल कलेज,, लक्ष्मी आदर्श बहुमुखी क्याम्पस, जनप्रकाश क्याम्पस, त्रिवेणी इन्टरनेशनल कलेज लगायतका सामुदायीक तथा निजी कलेज/क्याम्पसहरूले सामान्यतया साधारण विषयमा केहि प्राविधिक विषयमा स्नातक र क्रमश: स्नातकोत्तर तहको अध्यापन गर्दैजाने अवस्था भएपनि यहाँको शिक्षाका सम्भाबनाहरू भने पोखरा विश्वविद्यालयसंग प्रत्यक्ष सरोकार राख्छन् र शिक्षा क्षेत्रको विकासलाई हेर्दा समग्र रुपमा पोखरा विश्वविद्यालयलाई नै हेर्नु पर्ने हुन्छ ।

राष्ट्रिय परिवेशलाई हेर्दा हरेक प्रदेशमा एक विश्वविद्यालयको स्थापना अपरिहार्य छ र प्रदेश नं. ४ मा पनि पोखरा विश्वविद्यालय को एकमात्र उपस्थिति छ तर यस्लाई कानुनी (de jure) र वास्तविक (de facto) राष्ट्रिय विश्वविद्यालय बनाउने चुनौति कायमै छ ।

उपरोक्त चुनौतिहरूको बाबजुद पोखरा विश्वविद्यालयको लक्ष नेपालको उच्च शिक्षामा सहभागी हुने सम्पूर्ण विद्यार्थीको १० प्रतिशत हिस्सा ओगट्नु हो जस अनुशार आगामी १० वर्षमा पोखरा विश्वविद्यालय अन्तर्गत न्यूनतम ४०,००० विद्यार्थी हुने छन् जसमध्ये २० प्रतिशत तथा ८,००० विद्यार्थी आंगिक स्कूल तथा कलेजहरूमा समावेश गर्ने योजना छ । यस्कालागि पोखरा विश्वविद्यालयले हाल सञ्चालनमा रहेका १७ कार्यक्रम बाहेकका अन्य कार्यक्रमहरू को बिस्तार गर्ने योजना बनाएको छ भने आफ्नो चालु रणनीतिक योजना (Strategic Plan, 2013-2018) र दोस्रो योजना

(२०१३-२०१८) को कार्य योजना मा उल्लेखित नयाँ ४३ कार्यक्रमहरू को स्थापना र सञ्चालन उल्लेख छन् । अवको पोखरा विश्वविद्यालयको विकास यिनै योजनाको सफल कार्यान्वयनमा भर पर्दछ ।

## गर्नुपर्ने कार्यहरू (Tasks Ahead)

लेखनाथ नगरपालिका, पोखरा उपमहानगरपालिका सहित समुच्च पोखरा उपत्यकालाई देशको राजधानी र प्रमूख केन्द्रहरू संग जोड्ने प्रवेशद्वार हो । त्यसैले यो नगरपालिकामा उद्योग व्यवसाय र पर्यटन क्षेत्रको विकासको सम्भावना प्रचुर छ । नगरपालिकामा अवस्थित सात तालहरू र बस्ती निर्माणका लागि उपलब्ध क्षेत्र यस क्षेत्रको विकासको सम्भाबनाका प्रमूख कारक हुन् । यसरी उद्योग व्यवसाय र पर्यटन क्षेत्रको विकासको प्रचुर सम्भावना हुँदाहुदै पनि वास्तवमा लेखनाथ नगरपालिकामा स्वस्फुर्त रूपमा शैक्षिक विकासका अवशरहरू प्रदान गर्ने खास विशेष राजनैतिक, प्रशासनिक एवं बस्ती विशेष गुणहरू छैनन् । त्यसैले याहाँको शिक्षा क्षेत्रको विकासका अवशरहरू यहाँका संस्थाहरू र समुदायहरू मिलेर सृजना गर्नु पर्ने हुन्छ ।

साथै लेखनाथ नगरपालिकामा शैक्षिक विकासको माध्यमबाट समग्र लेखनाथ नगरपालिकाको विकासको अवस्थालाई पोखरा विश्वविद्यालय र लेखनाथ नगरपालिका, लेखनाथ उद्योग वाणिज्य संघ, लगायत अन्य संघ संस्थाहरूको सहकार्यले विशेष प्रभाव पार्ने दिखेन्छ । नगरपालिकाले लिने भू-उपयोग नीति, सडक लगायतका भौतिक संरचनाहरूको विस्तार, विश्वविद्यालयलाई उपलब्ध गराउने जग्गा जमिन, समुदाय र नगरपालिकाले विश्वविद्यालयलाई हेर्ने दृश्टिकोणले पोखरा विश्वविद्यालयको विकास र विस्तर लाई प्रभाव पार्ने छ ।

पोखरा विश्वविद्यालयले आफ्नो शैक्षिक विकासलाई गति दिन Learning Society र Knowledge Economy को उद्देश्य सहित निम्न कार्यक्रमहरू गर्नु पर्ने देखिन्छ ।

१. पोखरा विश्वविद्यालयले आफ्नो चालु रणनीतिक योजना (Strategic Plan, 2013-2018) लाई परिमार्जन गरी आगामी २० वर्षकालागि आफ्ना नयाँ कार्यक्रहरूको स्थापना र मौजुदा कार्यक्रमहरूको तह वृद्धिगर्ने दिर्घकालिन योजना तयार गर्ने ।
२. विश्वविद्यालयले आफ्ना प्राध्यापकहरूलाई स्थानीय तथा राष्ट्रिय तहका उच्च प्राथमिकताका अनुसन्धानका विषयहरू पहिचान गरि Action Research तथा Empirical Research लाई विश्वविद्यालयको दिर्घकालिन अनुसन्धानको अभिन्न अंग बनाउने ।
३. पोखरा विश्वविद्यालयले विदेशि विद्यार्थी, प्राध्यापक र अनुसन्धानकर्ताको उपस्थितिलाई हालको करिव शुन्यको अवस्थाबाट क्रमश: बढाउदै कम्तिमा २०-२५ प्रतिशत पुऱ्याउने लक्ष सहित अन्तराष्ट्रिय संघ-संस्था, संगठन र व्यक्तिसंगको संजाल विकासगर्ने रणनीति सहित कार्ययोजना बनाउनु पर्दछ ।
४. विश्वविद्यालयले समुदायसंग सहकार्य गर्दै आधारभूत शिक्षा, स्वास्थ्य, उद्योग, व्यवसाय, पर्यटन, वातावरण, उर्जा लगायत आर्थिक र सामाजिक विकास सहित Learning Society र Knowledge Economy तर्फ परिवर्तित र रूपान्तरित हुने विकास कार्यक्रमहरू प्रवर्धन गर्ने ।

५. स्थानीय संगठित एवं असंगठित उत्पादन तथा सेवामा व्यापक अभ्यास अध्ययन (Internship) कार्य गर्ने गराउने ।
६. यस सम्बन्धमा विद्यार्थीहरूलाई विश्वस्त दिलाउदै स्वयंसेवक कार्यक्रम अन्तरगत सामुदायीक काममा सरिक गराउने ।
७. विद्यार्थीहरू मार्फत स्वयंसेवक कार्यक्रम अन्तरगत समुदायमा ज्ञान, विज्ञान, प्रविधि र सीपको व्यावहारिक ज्ञान दिने ।
८. विद्यार्थीहरू मार्फत व्यवसाय योजना तर्जुमा गराई व्यावसायीक संगठनहरूमा आबद्धहुन प्रेरित गर्दै व्यावसायीकता सम्बन्धी सहकार्यगर्न प्रेरित गर्ने ।
९. साना-ठूला उद्यम तथा सेवा व्यवसायहरूलाई विश्वविद्यालयका अनुसन्धान कार्यमा आवद्ध गराउने ।
१०. स्थानीय राजनैतिक, सामाजिक, आर्थिक र वातावरणीय संजालहरूलाई अनुसन्धानको अंगको रूपमा ल्याउने ।
११. विश्वविद्यालयले Continuing Education अन्तरगत व्यावहारिक र सीपमूलक तालिम संचालन गर्दै स्थानीय उत्पादन र सेवाको प्रवर्धनमा सकृय सहभागी हुने ।

अन्त्यमा उच्च शिक्षाको अध्ययनको चाहना नेपालीहरूमा ज्यादै उच्च छ तर हामिले अवसरको सृजना गर्न सकेका छैनौं । भौगोलिक, क्षेत्रीय, मानविय संसाधन, आर्थीक श्रोत-साधन, यहाँका उद्धमिहरूको उद्धमशिलता, वाहिरि संसारको अनुभव लगायत काठमाण्डौ पछि देशमा अन्यत्र कहिं छ भने पोखरामै छ र यो अवसर लेखनाथ नगरपालिकालाई पनि समान रूपमा उपलब्ध छ । यदि समयको मागले प्रस्तुत गरेका सम्भावनालाई पोखरा र लेखनाथले एकिकृत रुपले उपलब्धिमा परिणत गर्न सक्दैनन् भने देशका अन्य क्षेत्रले सक्दैनन् । पोखरा गत ५० वर्षमा विकासको क्षेत्रमा अन्वेषक र अग्रपथिक रहेको छ र यस्को एकिकृत वातावरण बनिसकेकोले अवका दिनमापनि लेखनाथले शिक्षामा आफ्नो तुलनात्मक (Comparative) तथा प्रतिस्पर्धात्मक (Competitive) फाइदा (Advantage) हाँसिल गरिसकेको छ र अव शिक्षाको विकासलाई समुच्च नगरपालिकाको विकासको अवधारणा सहित अगाडी वढाउन पर्छ र वढाउछ पनि सकिन्छ ।

## सन्दर्भ सामाग्री


Central Bureau of Statistics (2011), Preliminary Result of Census 2011. Kathmandu.

Gurung, Harka (1965), **Pokhara Valley: A Geographical Survey**. Department of Geography, School of Oriental & African Studies, University of London.

लेखनाथ नगरपालिका (....) **लेखनाथ नगरपालिकाको सामाजिक-आर्थिक स्थिति (Socio Economic Status of Lekhnath Municipality)**

लेखनाथ नगरपालिकाको कार्यलय (२०७२) **वार्षिक नगर विकास योजना-२०७३/०७४:** २३औ नगरपरिद्बाट पारित बजेट, नीति तथा कार्यक्रम, तालचोक: लेखनाथ नगरपालिका

Pokhara University (2014) http://www.pu.edu.np

शहरी विकास तथा भवन निर्माण विभाग (......) **लेखनाथ नगरपालिकाको आवधिक योजना (२०६३-२०६८)**. नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रलय